वाणिज्य तथा आपूर्ति क्षेत्रमा गर्नुपर्ने सुधारसम्बन्धमा
वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी

# श्वेतपत्र-२०६८

**सार्वजनिक गर्ने कार्यक्रममा माननीय वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टज्यूले दिनुभएको मन्तव्य**

(२०६८ कार्तिक २८)

---

पत्रकार मित्रहरू,
**उपस्थित महिला तथा सज्जन वृन्द !**

विश्वको बदलिँदो आर्थिक परिवेश एवं अन्तर्राष्ट्रिय व्यापार प्रणालीसँगको आबद्धताबाट नेपालको अन्तर्राष्ट्रिय व्यापार सञ्चालनमा नयाँ चुनौती र अवसर थपिएका छन् । यसैगरी जनसंख्याको निरन्तर वृद्धि र सो अनुपातमा खाद्यान्न उत्पादनमा वृद्धि हुन नसकेको एवं विभिन्न उपभोग्य वस्तुको माग र आपूर्तिबीच बढ्दै गएको असन्तुलनले वस्तु र सेवाको मूल्यमा चाप पर्दै गएको स्थिति छ । यिनै पृष्ठभूमिमा वाणिज्य तथा आपूर्ति क्षेत्रका मूलभूत समस्याहरुको पहिचान तथा वस्तुगत विश्लेषण गरी आगामी दिनमा अन्तर्राष्ट्रिय व्यापारबाट अधिकतम लाभ लिने तथा आपूर्ति व्यवस्थालाई जनअपेक्षा बमोजिम सहज र सर्वसुलभ तुल्याउने एवं बजारलाई विकृतिबाट मुक्त राख्ने राज्यको दायित्व निर्वाह गर्ने उद्देश्यले वाणिज्य तथा आपूर्ति मन्त्रालयले **श्वेतपत्र** जारी गरेको छ ।

प्रस्तुत श्वेतपत्रको महत्वपूर्ण अंगको रुपमा ल्याइएको कार्ययोजनामा खासगरी तत्काल र अल्पकालीन अवधिमा कार्यान्वयनमा ल्याउन सकिने क्रियाकलापहरूलाई समेटिएको छ । प्रत्येक क्रियाकलाप सञ्चालन गर्न कुन निकाय जिम्मेवार रहने हो, कति समयावधिभित्र सम्पन्न गर्ने हो तथा कुन कुन निकायको सहयोगमा सो कार्य सम्पन्न हुने हो यी सबै पक्षलाई कार्ययोजनामा उल्लेख गरिएको छ । कार्ययोजनामा वाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि ३२ वटा र आपूर्ति क्षेत्रको व्यवस्थापनका लागि ४४ वटा क्रियाकलाप पहिचान गरिएका छन् । कार्ययोजनामा उल्लेख गरिएका कार्यहरुको सफल कार्यान्वयनबाट मुलुकको निकासी व्यापारलाई गति दिन, अत्यावश्यक उपभोग्य वस्तुको आपूर्तिलाई सहज, नियमित र व्यवस्थित तुल्याउन, मन्त्रालय र मातहतका विभाग तथा सार्वजनिक संस्थानहरूको कार्यसम्पादनमा सुधार ल्याउन ठूलो मद्दत पुग्ने अपेक्षा लिइएको छ । यसबाट आम नागरिकलाई समेत सकारात्मक परिवर्तनको अनुभूति दिलाउन सकिने विश्वास लिइएको छ । यसको सफल कार्यान्वयनमा नेपाल सरकारका सबै सम्बद्ध निकाय, निजी क्षेत्र र दातृनिकायहरुको सक्रिय सहयोग रहने कुरामा वाणिज्य तथा आपूर्ति मन्त्रालय आशावादी रहेको छ ।

आज सार्वजनिक गरिएको श्वेतपत्रसाथ संलग्न कार्ययोजनामा वाणिज्य क्षेत्रतर्फ तत्काल शुरु गर्ने कार्यहरूमा मुख्यतः वाणिज्य नीति, २०६५ र नेपाल व्यापार एकीकृत रणनीति (NTIS-2010) ले पहिचान गरेका निर्यातयोग्य वस्तु र सेवाहरू प्रवर्द्धन गर्ने सन्दर्भमा निजी क्षेत्रको लागत साझेदारीमा सुर्खेतमा जडिबूटी सङ्कलन तथा प्रशोधन केन्द्र र झापाको काँकडभिट्टामा अदुवा प्रशोधन प्लान्ट स्थापना गर्ने, नेपाली चिया, कफी र च्यांग्रा पश्मिनाको अन्तर्राष्ट्रिय बजारमा सामूहिक ट्रेडमार्क दर्ता गरी निकासी वृद्धि गर्ने, निर्यातका लागि गुणस्तर परीक्षण र प्रमाणीकरणका लागि सम्बन्धित विभागहरूको क्षमता सुदृढ गर्ने, नयाँ आयात-निर्यातसम्बन्धी ऐन र एन्टी डम्पिङ तथा काउन्टरभेलिङसम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, व्यापार प्रक्रिया सहजीकरणका लागि Single Window लागू गर्न आवश्यक तयारी कार्य सम्पन्न गर्ने, भूटानसँग प्राथमिकताप्राप्त व्यापार सम्झौता गर्ने, संयुक्तराज्य अमेरिकासँगको TIFA सम्झौताबाट अधिकतम लाभ लिन पूर्ण तयारीसहित वार्ता सम्पन्न गरी लाभका नयाँ क्षेत्रहरू पहिल्याउने, काठमाण्डौमा एक अत्याधुनिक

अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल (Trade Exhibition Ground) निर्माण गर्ने आदि क्रियाकलापहरू समाविष्ट छन् ।

त्यसैगरी आपूर्ति क्षेत्रतर्फ तत्काल शुरु गर्ने कार्यहरूमा मुख्यतः मुलुकको समग्र आपूर्ति व्यवस्थापनलाई नियमन गर्न आपूर्ति नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउने, नेपाल आयल निगम र भारतीय आयल निगमबीचको पेट्रोलियम खरिद सम्झौता पुनरावलोकन गरी नयाँ सम्झौता सम्पन्न गर्ने, सर्वसाधारण उपभोक्तालाई मूल्यवृद्धिको भार कम गर्न वैकल्पिक व्यवस्थासहित पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय मूल्यबमोजिम स्वतः समायोजन गर्ने, रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माण कार्यलाई दुई देशबीच समझदारी कायम गरी अघि बढाउने, नेपाल खाद्य संस्थानले काठमाडौं उपत्यका लगायत उपयुक्त स्थानहरूमा विक्री कक्षहरू स्थापना गरी संचालनमा ल्याउने र चामल, दाल, पिठो लगायतका वस्तुमा आवश्यकता अनुसार ब्राण्डिङ्ग गरी सहुलियत मूल्यमा बजारमा विक्री वितरण थाल्ने, उपभोक्ता संरक्षण ऐन २०५४ लाई संशोधन गरी छुट्टै उपभोक्ता अदालतको व्यवस्था गर्ने र सेवा क्षेत्रसमेतलाई समेट्ने गरी सो ऐन संशोधन गर्ने, होटेल, लज तथा रेष्टुरेण्ट सम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याउने, विपन्न वर्गलाई लक्षित गरी रासन कार्ड जारी गर्ने र सोमार्फत सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने आदि क्रियाकलाप समाविष्ट छन् । कार्ययोजनामा उल्लेख भएका विस्तृत क्रियाकलापहरू आज यहाँ सार्वजनिक गरिएको श्वेतपत्रको अध्ययनबाट अवगत हुने नै छ ।

अन्त्यमा, मुलक ऐतिहासिक परिवर्तनको चरणबाट गुज्रिरहेको यो घडीमा सार्वजनिक गरिएको यो श्वेतपत्रले मुलुकको वाणिज्य तथा आपूर्ति क्षेत्रको समग्र सत्यतथ्यलाई आम नागरिक बीच सार्वजनिक गर्न र मन्त्रालयले आगामी दिनमा वाणिज्य तथा आपूर्ति क्षेत्रलाई डोऱ्याउन अङ्गीकार गर्ने महत्वपूर्ण रणनीति र क्रियाकलापबारे सबैमा जानकारी प्रवाह गर्न सघाउ पुग्ने मेरो विश्वास छ । संलग्न कार्ययोजनाको कार्यान्वयनमा सम्बन्धित सबै क्षेत्रबाट सहयोगको अपेक्षा राख्दै आज यस कार्यक्रममा उपस्थित हुनुभएकोमा सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !